## सूचनाको हक सम्बन्धी ऐन २०६४, को दफा ५(३) सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण:

### सूचना सार्वजनिक गर्ने निकायको नाम:- नेपाल ट्रष्टको कार्यालय, कमलादी

### सूचना सार्वजनिक गरिएको अवधि :- २०७९ वैशाख १ देखि २०७९ असार मसान्तसम्म

### (क) निकायको स्वरुप र प्रकृति

नेपालको अन्तरिम संविधान, २०६३ को भाग २३ धारा १५९ मा तत्कालीन स्वर्गीय राजा वीरेन्द्र तथा निजका परिवारहरुको नाममा रहेका चल अचल सम्पत्तिहरु राष्ट्रियकरण गरी सामाजिक कार्यमा लगाइने संवैधानिक व्यवस्था अनुरुप नेपाल ट्रष्ट अध्यादेश, २०६४ अनुसार मिति २०६४ साल मंसिर ६ गते अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रुपमा नेपाल ट्रष्ट स्थापना भई नेपाल ट्रष्टको कार्यालय सञ्चालित रहेको छ । सोही वर्ष नेपाल ट्रष्ट ऐन, २०६४ पनि कार्यान्वयनमा आएको छ । ट्रष्टको नीतिगत तथा निर्णायक तहमा सम्माननीय प्रधानमन्त्री एवं नेपाल ट्रष्टको संरक्षकले तोकेको नेपाल सरकारको माननीय मन्त्रीको अध्यक्षतामा सञ्चालक समिति (बोर्ड अफ ट्रष्टिज्) रहने गरेको छ भने कार्यालयको रुपमा नेपाल सरकारका विशिष्ट श्रेणीका कार्यकारी सचिवको नेतृत्वमा नेपाल ट्रष्टको कार्यालय संचालनमा रहेको छ ।

### (ख) निकायको काम, कर्तव्य र अधिकार

नेपाल ट्रष्टलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक सम्पूर्ण कार्य गर्ने अख्तियारी नेपाल ट्रष्ट ऐन, २०६४ ले नेपाल ट्रष्ट सञ्चालक समितिलाई प्रदान गरेको छ । यस अनुसार ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन र आय आर्जनका लागि नीतिगत व्यवस्था गर्ने, ऐनको उद्देश्य प्राप्त गर्न आवश्यक कार्यक्रमहरु स्वीकृत गर्ने, आवश्यक निर्देशिका एवं कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गर्ने लगायतका ट्रष्ट सञ्चालन सम्बन्धि कार्यहरु पर्दछन् । सञ्चालक समितिको मुख्य काम, कर्तव्य र अधिकारका सम्वन्धमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ९ को उपदफा (१) ले गरेको कानूनी व्यवस्था देहाय बमोजिम रहेको छ ।

(क) ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन गरी यसको संभार र संरक्षण गर्ने,

(ख) तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको ऐनको दफा ४ बमोजिम ट्रष्टमा रहनु पर्ने सम्पत्तिको नेपाल भित्र वा नेपाल बाहिर खोज तलास गर्ने, त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरण सहितको अभिलेख राख्ने,

(ग) ट्रष्टको स्वामित्वमा आउनु पर्ने ऐनको दफा ४ बमोजिमको सम्पत्ति ट्रष्टको नाममा नामसारी, दाखिल खारेज गराई ट्रष्टको हक संरक्षण गर्ने,

(घ) ट्रष्टको सम्पत्ति ऐनको दफा ५ बमोजिम राष्ट्रहितमा प्रयोग गर्ने,

(ङ) ट्रष्टको सम्पत्ति यस ऐनको उद्देश्य पूरा गर्न आय आर्जन हुने कार्यमा लगानी गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

यसरी संचालक समितिले लिएका नीतिगत निर्णयहरु तथा अन्य निर्णयहरुको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी नेपाल ट्रष्टको कार्यालयको रहेको छ ।

## (ग) निकायबाट प्रदान गरिने सेवा

नेपाल ट्रष्टको कार्यालय, नेपाल ट्रष्टको व्यवस्थापन सम्बन्धमा संचालक समितिले लिएका नीतिगत तथा अन्य निर्णयहरु कार्यान्वयन गर्ने निकाय भएको र यस कार्यालयको प्रत्यक्ष सरोकार सर्वसाधारणको सेवा प्रदानमा रहेको देखिदैन । यसका बाबजुद नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम ट्रष्टको उद्देश्य, ट्रष्टको जानकारी, ट्रष्टका भावि कार्यक्रम तथा योजना जस्ता विषयमा सर्वसाधारणको जिज्ञासा र कार्यालयको वार्षिक कार्यक्रमहरु मार्फत सुचना / जानकारी सम्वन्धी सेवा प्रदान गरिदै आएको छ ।

## (घ) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

उल्लेखीत सेवाहरु प्रदान गर्न र कार्यहरु गर्नका लागि यस कार्यालयमा सम्पत्ति व्यवस्थापन तथा प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, कानून तथा परामर्श शाखाहरु रहेका छन् । कार्य सम्पादन गर्ने विषयको उठान सम्बन्धित शाखाबाट हुने र विषय हेरी संचालक समितिको निर्णय वा कार्यकारी सचिवको निर्णयबाट सेवा प्रदान/ कार्यक्रम गर्ने गरिएको छ । संचालक समितिको निर्णय कार्यान्वयन गर्ने/ गराउने तथा सेवा प्रदानको जिम्मेवार अधिकारी कार्यकारी सचिव हुने गरेको छ ।

## (ङ) निकायम रहने कर्मचारी संख्या र कार्य विवरण

## नेपाल सरकारबाट स्वीकृत नेपाल ट्रष्टको कार्यालयको संगठन संरचना तालिका

संरक्षक - प्रधानमन्त्री

↓

सञ्चालक समिति

↓

कार्यकारी सचिव
राविशिष्ट श्रेणी .प.
पि ..ए.शाखा अधिकृत १-

↓

सहसचिव-
राप्रथम श्रेणी .प.
पि ..ए.नायब सुब्बा१-

↓

**सम्पत्ति व्यवस्थापन तथा प्रशासन शाखा**
उपसचिव(प्रशासन) १-द्वि.प.रा .
शाखा अधिकृत२-(प्र)
लेखा अधिकृत१-(.प्र)
नापी अधिकृत१-((.इ).तृ.प.रा)
इन्जिनियर १-((.इ).तृ.प.रा)
नायब सुब्बा४- (.प्र)
लेखापाल१-(.प्र)
सर्भेक्षक१-(इ)
क१-(विविध).अ.

**योजना तथा अनुगमन शाखा**
उपसचिव
रा१-(बन सेवा).द्वि.प.
शाखा अधिकृत१-(प्र)

**कानून तथा परामर्श शाखा**
रा१-(न्याय सेवा)द्वि.प.

| इकाई कार्यालयहरु | | | | | |
|---|---|---|---|---|---|
| गोकर्ण | पोखरा | हेटौंडा | चितवन | नुवाकोट | नागार्जुन |
| ना२-(.प्र).सु.<br>कार्यालय सहयोगी –<br>४ | ना२-(.प्र).सु.<br>खरिदार२-(.प्र)<br>कार्यालय सहयोगी - ८ | खरिदार१-(.प्र)<br>कार्यालय सहयोगी -४ | कार्यालय सहयोगी ४- | ना-(.प्र).सु.१<br>खरिदार-(.प्र)१<br>कार्यालय सहयोगी३- | ना१-(.प्र).सु.<br>खरिदार२-(.प्र)<br>कार्यालय सहयोगी- ४ |

## (च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सामान्यतया यस कार्यालयबाट सेवा प्राप्तिका कुनै दस्तुर लाग्दैन तर प्रचलित कानूनले कुनै सेवा प्राप्त गर्न दस्तुर तोकेको अवस्थामा भने सोही अनुसार दस्तुर तिर्नुपर्ने हुन्छ । साथै कुनै सेवाको लागि समय किटान समेत भएको छैन । प्रचलित कानूनले समय किटान गरेको अवस्थामा सोही अनुसार हुने गरेको छ ।

नेपाल ट्रष्टको स्वामित्वमा रहेको जग्गा छोटो अवधिको भाडामा दिने कार्यविधि, २०७६ बमोजिम ट्रष्टको स्वामित्व को कुनै जग्गा (निर्मित संरचना भए सो समेत) आवश्यकता अनुसार मेला, प्रदर्शनी वा यस्तै अन्य प्रयोजनको लागि कार्यालयले भाडामा दिंदा देहाय बमोजिम भाडा रकम लिई दिन सक्नेछ ।

| क्रसं. | भाडामा दिने जग्गाको परिमाण | क्रियाकलाप प्रयोजन | काठमाण्डौ उपत्यका भित्रदैनिकदर | काठमाण्डौ उपत्यका बाहिर दैनिकदर |
|---|---|---|---|---|
| १. | १ देखि ५ रोपनी सम्म | धार्मिक एवं सांस्कृतिक | रु ३,००० | रु २,००० |
| | | सामाजिक क्रियाकलाप | रु ५,००० | रु ४,००० |
| | | व्यावसायिक मेला प्रदर्शनी | रु २०,००० | रु १०,००० |
| २. | ६ देखि १० रोपनीसम्म | धार्मिक एवं सांस्कृतिक | रु ५,००० | रु ३,००० |
| | | सामाजिक क्रियाकलाप | रु ८,००० | रु ६,००० |
| | | व्यावसायिक मेला , प्रदर्शनी | रु ३०,००० | रु २०,००० |
| ३. | १० देखि २० रोपनीसम्म | सांस्कृतिक धार्मिक एवं | रु ८,००० | रु ५,००० |
| | | सामाजिक क्रियाकलाप | रु १५,००० | रु १२,००० |
| | | व्यावसायिक मेला, प्रदर्शनी | रु ४०,००० | रु २५,००० |

## (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

नेपाल ट्रष्टको संचालन सम्वन्धमा नीतिगत र निर्णयात्मक अधिकार संचालक समितिलाइ रहेको छ भने संचालक समितिले गरेका निर्णयहरुलाई कार्यान्वयन गर्न ट्रष्ट कार्यालयको कार्यकारी सचिवको नेतृत्वको टोली जिम्मेवार हुने अवस्था छ । यसै गरी ट्रष्टको कार्यालयका दैनिक प्रशासनिक काम कारवाही टिप्पणीको माध्यमबाट निर्णय भएपछि हुने गरेको छ । नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम कामको प्रकृति र प्रत्यायोजित अधिकार हेरी नेपाल सरकार, संचालक समिति, कार्यकारी सचिव वा सहसचिवस्तरको निर्णयबाट प्रदान गर्ने गरिएको छ ।

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी

कार्यालयबाट प्रदान गरिएको कार्य/ सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा दैनिक प्रशासनिक प्रकृया अन्तर्गतका सेवाको लागि गुनासो अधिकृत मार्फत कार्यकारी सचिव समक्ष गुनासो गर्न सकिने व्यवस्था छ। प्राप्त उजुरी / गुनासोहरु कार्यकारी सचिवबाट सुनुवाई हुने व्यवस्था छ।

(झ) चालु आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण

| क सं. | ब.उ.शी.नं. | कार्यक्रम | बजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०१०३०११३ चालु | नेपाल ट्रष्ट | ४८३६८ | ४०८०६ | ८४.३६ |
| २ | ३०१०३०११४ पुँजिगत | नेपाल ट्रष्ट | ९०० | ८९९ | ९९.९८ |

:

(ञ) सम्पादन गरेको कामको विवरण

२०७९ असार मसान्तसम्म यस कार्यालयबाट सम्पादित मुख्य कामहरुको विवरण :

(क) मुख्य कार्यहरु :

१. दरबार मार्गको भवनका सम्वन्धमा अध्ययन प्रतिवेदन प्राप्त भएको।
२. नेपाल ट्रष्ट अन्तर्गत इकाई कार्यालय गोकर्णमा मर्मत सम्भार गर्ने कार्य सम्पन्न गरिएको।
३. ट्रष्टको स्वामित्वमा रहेका विभिन्न स्थानको सम्पत्ति आवश्यकता अनुसार अनुगमन निरीक्षण गरिएको।
४. लाजिम्पाट स्थित नेपाल ट्रष्टको भवन भाडामा लगाउने सम्वन्धमा मिति २०७९।१।८ मा पुन सूचना प्रकाशन गरिएकोमा कुनै प्रस्ताव पेश हुन नआएको।
५. नेपाल ट्रष्ट अन्तर्गत गोकर्ण राज निकुञ्जमा करिब ८५० मि. Fencing गर्ने कार्य सम्पन्न भएको।
६. नेपाल ट्रष्ट कार्यालयको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन तयार पारिको।
७. नेपाल ट्रष्ट कार्यालयको आ.व. २०७७/७८ को अन्त्य सम्म प्राप्त हुन आएका सम्पत्तिको अभिलेख विवरण प्रकाशन गरिएको।

(ख) कानून तथा परामर्श सम्बन्धित सम्पादित कामको विवरण

१.सर्वोच्च अदालतमा भएका मुद्दाहरुको अवस्था :

(क) का.जि.का.म.न.पा. वडा नं. ३१ कमलादी स्थित कि.नं. ३२८० को क्षे.फे.०-१४-०-० घरजग्गामा हाल जयन्ती श्रेष्ठ विरुद्ध नेपाल ट्रष्टको कार्यालय समेत भएको **उत्प्रेषण** समेत मुद्दा

(मुद्दा नं. ०७५-WO-०६०६) मा मिति २०७५।१०।७ मा अन्तरिम आदेश जारी नहुने आदेश भई मुद्दा विचाराधिन रहेको अवस्था।

(ख) का.जि.का.म.न.पा. वडा नं. २९ ठमेल स्थित कित्ता नं. ७१० को क्षे.फ ०-७-०-२ घरजग्गामा लिना गोमेश विरुद्ध नेपाल ट्रष्टको कार्यालय समेत भएको **उत्प्रेषण** समेत मुद्दा (मुद्दा नं. ०७५-WO-०४१५) मा मिति २०७५।७।१५ मा अन्तरिम आदेश जारी हुने आदेश भई मुद्दा विचाराधिन रहेको अवस्था ।

(ग) गोकर्ण स्थित गोकर्ण फरेष्ट रिसोर्टको सन्दर्भमा अधिवक्ता विष्णु लुईंटेल विरुद्ध नेपाल ट्रष्टको कार्यालय समेत भएको **उत्प्रेषण** समेत मुद्दा (मुद्दा नं. ०७६-WO-०६३९) मा हाल अन्तरिम आदेश नभएको तथा पूर्ण सुनुवाईमा गएको अवस्था ।

<u>का.जि.का.म.न.पा.वडा नं. ३ कमलादी स्थित काठमाडौं प्लाजा भवनको सन्दर्भमा</u>

(घ) कन्सेप्ट डेभलपर्स प्रा.लि.को तर्फबाट सुनिलभक्त श्रेष्ठ विरुद्ध नेपाल ट्रष्टको कार्यालय समेत भएको **उत्प्रेषण** समेत मुद्दा (मुद्दा नं. ०७६-WO-१०७८) मा नियमित पेशी तोकिएको अवस्था ।

(ङ) सुवासराज काफ्ले विरुद्ध नेपाल ट्रष्टको कार्यालय समेत भएको **उत्प्रेषण** समेत मुद्दा (मुद्दा नं. 077-WO-0286) सर्वोच्च अदालतमा विचाराधिन रहेको अवस्था ।

### ३. <u>काठमाडौं जिल्ला अदालतमा भएको मुद्दाहरुको अवस्था :</u>

(क) कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ७ रत्नचोक, कित्ता नं.३० को कुल क्षेत्रफल १-१२-१-० रोपनी जग्गामा नेपाल ट्रष्टको कार्यालय विरुद्ध होटल प्लाटिनम प्रा.लि.समेत भएको **सम्झौता बमोजिमको भाडा रकम तथा जरिवाना समेत दिलाई सम्झौता भंग गरि जग्गा खाली गराई पाउँ** मुद्दा (मुद्दा नं. ०७७-CP-०५७४) मिति २०७७।४।२९ मा दर्ता भई हाल नियमित पेशी तोकिएको अवस्था ।

(ख) **चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १ दियालो बंगला परिसर बाहिरको कित्ता नं. १२ र २० को कुल क्षेत्रफल ६-०-११ विगाहाको जग्गाको सन्दर्भमा :**

नेपाल ट्रष्टको कार्यालय विरुद्ध कसरा जंगल रिसोर्ट प्रा.लि.समेत भएको **सम्झौता बमोजिमको भाडा रकम तथा जरिवाना समेत दिलाई सम्झौता भंग गरी जग्गा खाली गराई पाउं** मुद्दा (मुद्दा नं. ०७७-CP-०५७३) मिति २०७७।४।२९ मा दर्ता भई हाल नियमित पेशी तोकिएको अवस्था ।

(ग) कसरा जंगल रिसोर्ट प्रा.लि. विरुद्ध नेपाल ट्रष्टको कार्यालय भएको **सम्झौता पत्र कार्यानवयन हुन नपाएकोले रकम फिर्ता दिलाई भराई पाउँ** मुद्दा (मुद्दा नं. ०७७-CP-२००२) मिति २०७७।०८।१६ गते दर्ता भई नियमित पेशी तोकिएको अवस्था ।

(घ) नेपाल ट्रष्टको कार्यालयले कन्सेप्ट डेभलपर्स प्रा.लि. लाई विपक्षि बनाई मिति २०७८।१२।१७ मा सम्झौता वमोजिमको भाडा रकम दिलाई पाउँ भन्ने मुद्दा ( मुद्दा नं. ०७८- CP-६६६८) को मुद्दा दर्ता भै विचाराधिन रहेको ।

**(ञ) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखको नाम र पद :
श्री सरजु कुमार वैद्य, कार्यकारी सचिव
सम्पर्क नं. ०१४२२५४६५/४२२७७५९

**सूचना अधिकारीको नाम र पद**
श्री नोख बहादुर बस्याल, उपसचिव
सम्पर्क नं. ०१-४२२७७५९

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

नेपालको अन्तरिम संविधान २०६३,

नेपाल ट्रष्ट ऐन, २०६४

निजामती सेवा ऐन, २०४९

सार्वजनिक खरिद ऐन, २०६३

सार्वजनिक खरिद नियमावली, २०६४

सूचनाको हक सम्बन्धी ऐन, २०६४

सूचनाको हक सम्बन्धी नियमावली, २०६५

नेपाल ट्रष्ट नियमावली, २०६५

सम्पत्ति खोजविन कार्यविधि, २०६७

नेपाल ट्रष्टको स्वामित्वमा रहेको जग्गा छोटो अवधिको भाडामा दिने कार्यविधि, २०७६

**(ठ) जग्गा जमिन सम्बन्धी अद्यावधिक विवरण :**

मिति २०६४ मंसिर ६ गतेका दिन नेपाल ट्रष्टको स्थापना भएपछि आ.व. २०७७।०७८ को अन्त्यसम्ममा आइपुग्दा नेपालका १२ जिल्लामा गरी कूल क्षेत्रफल **२१,६३३-१५-०-०** रोपनी जग्गा नेपाल ट्रष्टको

स्वामित्वमा आइसकेको छ । त्यसैगरी नबिल बैंक लिमिटेडको शेयर संख्या १०,६५,२०२ कित्ता, होटल डेला अन्नपूर्णको शेयर संख्या ३०,७२० कित्ता र राष्ट्रिय वाणिज्य बैंकको ६,७५० कित्ता शेयर रहेको छ ।

(ङ) अन्य विवरण :

नेपाल ट्रष्ट कार्यालयको दैनिक प्रशासनिक, प्राविधिक तथा आर्थिक गतिविधिहरु बारे सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले कार्यालयले www. nepaltrust.gov.np वेभसाइट प्रयोगमा ल्याएको छ । यसबाट प्राप्त गर्न सकिने सेवा र सुविधाहरु निम्न बमोजिम छन् ।

१. कार्यालयको परिचय

२. कार्यालयको स्वामित्वमा रहेको सम्पत्तिहरुको विवरण तथा उपयोग सम्बन्धी जानकारी

३. कार्यालयले जारी गर्ने सूचना तथा प्रतिवेदनहरु

४. कार्यालयबाट संचालन भएका विभिन्न कार्यक्रमहरुको जानकारी

५. सेवाग्राहीको सुझाव र सल्लाह लिन मिल्ने गरी परिमार्जन गरिएको ।